Nagariknews, December 13, 2009

# फिल्म फेस्टिभलमा टुल्कुका 'राजनीतिक' कुरा

काठमाडौं, मंसिर २७ (नागरिक)- तिब्बती भाषामा हुने शिक्षादिक्षालाई सरकारले मान्यता नदिएकोमा डोल्पाका औतारी धर्मगुरु टुल्कु शेराप स्याङ्पोले दुखेसो पोखे। राष्ट्रिय सभागृहमा चलिरहेको 'काठमाडौं इन्टरनेसनल माउन्टेन फिल्म फेस्टिभल' अन्तर्गत शनिबार देखाइएको डकुमेन्ट्री 'डोल्पो टुल्कु'मा उनले यस्तो गुनासो पोखेका छन्।

डेढ घन्टा लामो डकुमेन्ट्रीको प्रदर्शनपछि उनले प्रेक्षालयमा समेत यो मुद्दामा जोड दिँदै भने, 'नेपाली र अंग्रेजीमा गरिएको शिक्षादिक्षालाई सरकारले मान्यता दिएको छ तर तिब्बती भाषामा हुने शिक्षालाई कुनै हैसियत दिएको छैन, जागिर खाने बेला यसको कुनै मूल्यांकन गरिँदैन।'

दक्षिण भारतको मैसुरस्थित नाम्ड्रोलिङ गुम्बामा १७ वर्ष बौद्ध शिक्षा हासिल गरेका उनले थपे, 'अमेरिकामा यसले मान्यता पाएको छ, तर नेपालमा छैन। यो समस्या डोल्पाको मात्र होइन सम्पूर्ण हिमाली क्षेत्रको हो।'

जर्मनी फिल्म निर्माता मार्टिन होफम्यानले बनाएको डकुमेन्ट्री 'डोल्पो टुल्कु'मा शेरापले भारतमा अध्ययन पूरा गरी डोल्पामा आएर



दीपेन्द्र लामा

औतारी धर्मगुरुको पदभार ग्रहण गर्दाको यात्रा हेर्न पाइन्छ। उनलाई डोल्पाको अघिल्लो धर्मगुरु निन्चुङ रिम्पोचेको पुनर्जन्म मानिएको छ।

सत्र वर्षपछि गाउँ फर्किँदा पनि डोल्पामा कुनै विकास नभएको देखेपछि शेराप दुःखी हुन्छन्। डोल्पामा बाटोघाटो र अस्पताल अत्यावश्यक देख्छन् उनी। भन्छन्, 'सुत्केरी र शिशुको मृत्यु बढिरहेकोले यहाँ अस्पतालको खाँचो छ।'

डकुमेन्ट्रीमा शेरापको जीवनकथालाई डोल्पाका भौगोलिक दृश्यको सहारामा वर्णन गरिएको छ। उनको योगा, भारतको यात्रा र उनलाई डोल्पामा दिइने सम्मान दर्शकलाई अचम्म लाग्ने खालका छन्। उनी दस वर्षको उमेरमा भिक्षु बन्न बौद्धमा आएका थिए। त्यसको केही महिनापछि उनलाई डोल्पाका धर्मगुरुको पुनर्जन्मका रूपमा पत्ता लगाइएको थियो।

डकुमेन्ट्री हेर्न हलमा डोल्पावासी र भिक्षुहरूको भीड लागेको थियो। डकुमेन्ट्री लगत्तै केही दर्शकले टुल्कु शेरापलाई खादा लगाइदिए। मञ्चमा डकुमेन्ट्री निर्देशक मार्टिन पनि उपस्थित थिए। तर, दर्शकसँग टुल्कुले नै अन्तरक्रिया गरे।